# चेपाङसँग मौरीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०८/०८

**प्रस्तावनाः** मौरीपालन व्यवसाय मार्फत चेपाङ समुदायको जीविकोपार्जनमा सहयोग गरी कार्यक्रम कार्यानवयन गर्न बाञ्छनिय भएकोले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"चेपाङसँग मौरीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा;-

क. **"आवेदक"** भन्नाले कार्यक्रममा सहभागी हुन आवेदन दिने चेपाङ समुदायका कृषक, कृषक समुह, कृषि सहकारी, कृषिमा कार्य गर्ने बहुउद्देश्यीय सहकारी र निजी कृषि फर्म/उद्यमी सम्झनु पर्छ ।

ख. **"उत्पादन सामाग्री"** भन्नाले मौरीपालनमा प्रयोग हुने मौरीको गोला, खाद्य पदार्थ, आहार, जैविक पदार्थ तथा हर्मोन, पोषक तथा शुक्ष्म तत्व, औजार उपकरण लगायतका मह उत्पादन तथा प्रवर्द्धन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत सम्झनु पर्छ ।

ग. **"कार्यक्रम"** भन्नाले स्वीकृत चेपाङसँग मौरीपालन कार्यक्रम सम्झनु पर्छ ।

घ. **"कृषि पूर्वाधार"** भन्नाले सार्वजनिक/सामुदायीक/निजी प्रयोजनका लागि मह उत्पादन, प्रशोधन एवम बजारीकरण सम्बन्धि विभिन्न पूर्वाधारलाई सम्झनु पर्छ ।

ङ. **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

च. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

छ. **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

ज. **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

झ. **"प्रस्ताव"** भन्नाले चेपाङसँग मौरीपालन कार्यक्रम सञ्चालनका लागि प्राविधिक र आर्थिक सहयोग प्राप्त गर्न पेश गरिएको आवेदन र योजना सम्झनु पर्छ ।

ञ. **"साझेदार"** भन्नाले कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका आवेदक सम्झनु पर्छ ।

ट. **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्ययक्रम संचालन विधि

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

३. <u>कार्यक्रम संचालन हुने स्थानः</u> बागमती प्रदेशका चितवन, धादिङ र मकवानपुर जिल्लामा सञ्चालन हुनेछ ।

४. <u>सूचना प्रकाशनः</u> (१) कार्यक्रम सञ्चालनको लागि निर्देशनालयले २१ दिनको म्याद राखी अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

५. <u>प्रस्ताव दर्ताः</u> आवेदकले अनुसूची-२ बमोजिमको निवेदनको साथ सूचनामा उल्लेखित कागजातहरु, अनुसूची-३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र निर्देशनालय/केन्द्रमा आवेदन दर्ता गर्नु पर्नेछ ।

६. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार छनौटको सिफारिस गर्न निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क. प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत/अधिकृत, निर्देशनालय | -संयोजक |
| ख. अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय | -सदस्य |
| ग. योजना हेर्ने अधिकृत, निर्देशनालय | -सदस्य |
| घ. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | -सदस्य |
| ङ. प्रमुख, खरिद इकाई, निर्देशनालय | सदस्य-सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) आवश्यकतानुसार मूल्याङ्कन समितिले मूल्याङ्कनका मापदण्ड तयार गरी निर्देशनालयवाट स्वीकृत गर्न सक्नेछ ।

७. <u>साझेदार छनौट र सम्झौताः</u> (१) निर्देशनालयले छनौट भएको साझेदारलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

(२) छनौट भएका आवेदकले सम्झौताको लागि निर्देशनालयमा सम्पर्क गर्नु पर्नेछ । साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(३) निर्देशनालयले तोकेको समयावधी भित्र साझेदार सम्झौता गर्न नआएमा क्रमशः दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

८. <u>सञ्चालन गरिने क्रियाकलापः</u> (१) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

क. मौरी घार/गोला वितरण,

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

ख. मौरीपालनका लागि आवश्यक सामाग्री तथा उपकरण वितरण तथा तालिम,

ग. मह उत्पादन एवं प्रशोधनका लागि आवश्यक मेशिनरी उपकरण तथा महको बजारीकरणमा सहयोग,

घ. मौरीपालनका लागि आवश्यक पूर्वाधार सहयोग,

ङ. मौरी चरनजन्य बोट बिरुवाहरुको उत्पादन, वृक्षारोपण तथा संरक्षण,

च. मौरीपालनका लागि चिउरी बिरुवाको संरक्षण तथा यसको फलको प्रशोधन र बजारीकरण ।

(२) उपदफा (१) मा उल्लेखित क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु समावेश गरी अनुसूची- ३ बमोजिमको ढाँचामा आवेदकले प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ । उल्लेखित क्रियाकलापहरुको अलावा अन्य कुनै नविनतम तथा सृजनात्मक क्रियाकलापहरु समेत प्रस्ताव गर्न सकिनेछ ।

## परिच्छेद -३
## आर्थिक पक्ष

९. **साझेदार रकमः** (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । पूजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ । कृषक वा कृषि फर्म/उद्यमी को हकमा प्रति साझेदर बढीमा एक लाख रुपैंया र कृषक समुह, कृषि सहकारी, कृषिमा कार्य गर्ने बहुउद्देश्यीय सहकारीको हकमा प्रति साझेदार बढीमा दश लाख रुपैंया सम्म उपलब्ध गराइनेछ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(३) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई प्राविधिक सिफारिसमा बढीमा दुइ किस्तामा साझेदारको बैक खाता मार्फत भुक्तानी गर्न सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत अनुगमन प्रतिबेदन पश्चात मात्र भुक्तानी गरिनेछ।

## परिच्छेद -४
## अन्य व्यवस्था

१०. **दोहोरोपना नहुनेः** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम

Anup Adhikari

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

११. <u>कारबाही सम्बन्धी व्यवस्थाः</u> साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१३. <u>अनुगमन तथा मूल्याङ्कनः</u> मन्त्रालय, निर्देशनालय र केन्द्रले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१४. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची -१

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित )**

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : ..

निर्देशनालय............को आर्थिक वर्ष.......को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम चेपाङसँग मौरीपालन कार्यक्रम सञ्चालन गर्न ईच्छुक आवेदकहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र...........सम्बन्धित निर्देशनालय/केन्द्रमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र (संस्थाको हकमा),
३. स्थायी लेखा नम्बर (PAN),
४. करचुक्ता प्रमाण पत्र (संस्थाको हकमा)
५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
६. अनुसूची -३ अनुसारको प्रस्ताव,
७. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र
८. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको चेपाङ समुदाय भएको सिफारिस पत्र,
९. आवश्यक अन्य कागजात ।

**पुनश्चः** "चेपाङसँग मौरीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" यस निर्देशनालको ........ वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

अनुसूची -२

दफा (५) सँग सम्बन्धित

आवेदन

मितिः ..................

श्रीमान प्रमुखज्यू,

.................. ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस निर्देशनालयको.......मिति ........ मा प्रकाशन गरिएको चेपाङसँग मौरीपालन कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

१. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र (संस्थाको हकमा),
२. स्थायी लेखा नम्बर (PAN),
३. करचुक्ता प्रमाण पत्र (संस्थाको हकमा)
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको चेपाङ समुदाय भएको सिफारिस पत्र,
८. आवश्यक अन्य कागजात ।

निवेदक

दस्तखतः

नाम थरः

पदः

सम्पर्क नः

मितिः

संस्थाको छापः

Anup Adhikari

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -३

(दफा ५ सँग सम्बन्धित)

प्रस्ताव नमुना

१. विवरण

| विवरण | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | .................. |
| कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| आवेदक संस्थाको नाम र ठेगाना | |
| सम्पर्क टेलिफोन/मोबाइल नं. र इमेल | |
| आवेदक संस्थाको स्थापना दर्ता नम्बर | |
| दर्ता भएको निकाय र दर्ता मिति | |
| भ्याट/प्यान दर्ता नं | |
| खाता रहेको बैंकको नाम र ठेगाना | |
| खाता नं | |

२. प्रस्तावित व्यवसायको सुरुवाती विवरण

३. हाल संचालन भईरहेका क्रियाकलापहरु

४. वार्षिक रुपमा हुने उत्पादन/कारोवारको विवरण

| क्र. सं. | उत्पादन/कारोवार हुने बाली/वस्तु | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

५. प्रमुख अपेक्षित उपलब्धीहरु के के हुन्?

| क्र.सं. | विवरण | हालको अवस्था | उपलब्धी सूचक | कैफियत |
|---|---|---|---|---|
| १ | ब्यवसायको आकार (क्षेत्रफल, उत्पादन/कारोवार) | | | |
| २ | ब्यवसाय सम्बन्ध | | | |
| ३ | रोजगारी सिर्जना | | | |
| ४ | वार्षिक आम्दानी | | | |
| ५ | अन्य ............ | | | |

६. ब्यवसायको निरन्तरता/दिगोपनाका आधारहरु

७. प्रस्तावित क्रियाकलापहरु र अनुमानित लागत

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमबाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख. पूजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

यस प्रस्तावमा उल्लेख गरिएका विवरणहरु म/हामीले जानुबुझेसम्म साँचो हो । अन्यथा कानुन बमोजिम सहुँला/बुझाउँला भनी प्रस्तावको सवै पानामा सही छाप गर्नेः

दस्तखतः
नाम थरः
पदः
सम्पर्क नः
संस्थाको छापः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -४

(दफा ५ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

............................को मिति..............................को सूचना अनुसार चेपाङसँग मौरीपालन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

**आवेदकको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री